

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १३ गते बिहीबार ❑ 27 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विपद् व्यवस्थापनमा परिचालन हुन प्रहरीलाई निर्देशन

### विपद्मा परी १४ जनाको मृत्यु, दुई बेपत्ता

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

निमित्त प्रहरी महानिरीक्षक दीपक थापाले प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि उच्च सतर्कताका साथ परिचालन हुन निर्देशन दिनुभएको छ ।

विपद्को समयमा पहिलो घेरामा रही काम गर्नुपर्ने प्रहरीले उपलब्ध स्रोत साधनको भरपुर प्रयोग गरी आफू सुरक्षित भई उद्धारमा खटिन उहाँले निर्देशन दिनुभएको हो ।



प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा आज समसामयिक विषयमा प्रहरी कर्मचारीलाई निर्देशन दिँदै निमित्त प्रहरी महानिरीक्षक थापाले राजस्व चुहावट रोक्न, तस्करी नियन्त्रण गर्न र राजस्व सङ्कलन वृद्धिका लागि परिणाममुखी काम गर्न आग्रह गर्नुभयो ।

उहाँले लागुऔषधको बढ्दो ओसारपसार र प्रयोगलाई नियन्त्रण गर्न प्रहरी कटिबद्ध भई लाग्नुपर्नेमा जोड दिँदै कारोबारमा सम्बद्ध जो कोहीलाई कानुनको दायरामा ल्याउन तथा सीमानाकामा कडाइका साथ निगरानी गर्न निर्देशन दिनुभएको छ।

प्रहरी प्रधान कार्यालयबाट भएका नीति निर्देशनहरू कार्यान्वयन गर्नुपर्ने र प्रहरी सङ्गठनको कार्यसम्पादनस्तर बढाउन प्रहरीको आचरण व्यवहार परिवर्तन हुनुपर्नेमा उहाँले जोड दिनुभयो। अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउनुपर्ने तथा प्रहरीको आन्तरिक शुद्धीकरण, स्थायित्व र सुशासनका सन्दर्भमा सकारात्मक ऊर्जाका साथ लाग्न उहाँले सुझाव दिनुभयो ।

यसैगरी पछिल्लो २४ घण्टामा विभिन्न जिल्लामा ४४ वटा विपद्जन्य घटना घटेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती घटनामा हालसम्म १४ जनाको मृत्यु पुष्टि भएको छ भने दुई जना बेपत्ता छन्।

प्राधिकरणका प्रवक्ता उपसचिव डा डिजन भट्टराईले ती घटनामा १० जना घाइते भएका र सबै क्षेत्रमा गरेर १९ लाखभन्दा बढी आर्थिक क्षति भएको जानकारी दिनुभयो । उहाँले विभिन्न क्षेत्रका १० ठाउँमा सडक अवरुद्ध भएको र १४ वटा पशु चौपायको क्षति भएको जानकारी दिनुभयो ।

प्राधिकरणबाट बुधबार साँझ प्राप्त विवरणअनुसार पहिरोबाट आठ जनाको मृत्यु भएको छ । पाँच जना घाइते भएका छन् । चट्याङबाट पाँच जनाको मृत्यु र तीन जना घाइते भएका छन् । बाढीबाट एक जनाको मृत्यु र दुई जना बेपत्ता भएका छन् । एक घाइते छन् ।

डा भट्टराईले ओखलढुङ्गाको चिसङ्खुगढी गाउँपालिका सेर्नाथुम्कीमा गएको पहिरोमा परी घाइते भएका दुई जनाको हेलिकप्टरबाट उद्धार गरी काठमाडौं ल्याइएको बताउनुभयो।

प्राधिकरणका अनुसार विपद्ले बुधबार ओखलढुङ्गा, सङ्खुवासभा, सुनसरी, उदयपुर, इलाम, धनकुटा, लमजुङ, कास्की, मोरङ, झापा, रोल्पा, दैलेख र बागलुङ बढी प्रभावित भएको छ।

## अविरल बर्षाको कारण कास्कीमा २ बालबालिकाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

अविरल बर्षाको कारण कास्कीमा २ जना बालबालिकाको मृत्यु भएको छ।

मंगलबार बेलुकादेखि परेको बर्षाका कारण कास्की मादी गाँउपालिका वडा नं. ५ चितेपानी बस्ने १३ बर्षीया बालिका आयुस्मा रानाभाटको मोटोको ढिस्कोले पुरिएर मृत्यु भएको कास्की प्रहरीले जनाएको छ ।

स्थानिय प्रकाश रानाभाटको व्लक र टिनले बनेको ३ कोठे घरको पछाडी पट्टीको माटोको ढिस्को खस्न गई घरको पछाडी पट्टीको भाग भत्किदा रानाभाटको घटना स्थलमै मृत्यु भएको स्थानियले बताउनु भयो। उहाँकी ७० वर्षीया हजुरआमा लालमाया बन्जारीलाई सकुसल उद्धार गरीएको कास्कीका प्रहरी प्रवक्ता डिएसपी वसन्त कुमार शर्माले बताउनु भयो ।

उक्त घटना हुन साथ स्थानिय र इलाका प्रहरी कार्यालय शिसुवाकास्कीबाट प्रहरी टोली उद्धारमा खटिएको थियो।

त्यसै गरी बर्षाका कारण पहिरोमा परी पोखरामा एक बालकको मृत्यु भएको छ ।

पोखरा महानगरपालिका वडा नं.२७ आरूपाटाका ३ बर्षीय बालक अनमोल सुनारको पहिरोले पुरिएरै मृत्यु भएको डिएसपी शर्माले जनाउनु भयो ।

स्थानिय हरी सुनारको ढुङ्गा माटोले बनेको २ कोठाको कच्ची घर अविरल बर्षाको कारणले माथीबाट पहिरो आई भत्किदा हरी सुनारको श्रीमती २७ बर्षकी रितु सुनार घाईते हुनु भएको छ। उहाँको गण्डकी मेडिकल कलेजमा उपचार भई रहेको छ । हरी सुनार र छोरी ९ बर्षकी अंजली सुनारको सकुसल उद्दार गरिएको स्थानियले जनाउनु भयो ।

## एसइईको नतिजा बिहीबार सार्वजनिक गर्ने निर्णय

रासस
भक्तपुर, १२ असार

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा बिहीबार सार्वजनिक गर्ने निर्णय गरेको छ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा एसइईको नतिजा सार्वजनिक गर्न बुधबार बसेको राष्ट्रिय परीक्षा बोर्डको बैठकले बिहीबार नतिजा सार्वजनिक गर्ने निर्णय गरेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो ।

परीक्षा नियन्त्रक पौडेलले भन्नुभयो, "नतिजा आज सार्वजनिक गर्ने तयारी रहेको र बैठक बसेर नमुना अभ्यास पनि गरियो, केही प्राविधिक काम बाँकी भएकाले भोलि बिहान पुनः बैठक बसेर नतिजा सार्वजनिक गर्ने छौँ।" असार १५ गतेभित्र नतिजा सार्वजनिक गर्ने बोर्डको तालिका रहेको थियो ।

बोर्डले गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको थियो । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक बताउनुभयो। यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशतअर्थात् २६ दशमलव २५ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भएसरह मानिने गरी 'एनजी' उल्लेख गरिएको ग्रेड सिट आउने उहाँले जानकारी दिनुभयो ।

आन्तरिकतर्फ २५ पूर्णाङ्कको परीक्षामा ४० प्रतिशतअर्थात् १० अङ्क ल्याउनुपर्छ । 'एनजी' आउने परीक्षार्थीले ग्रेड वृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन् । विद्यार्थीले दुई विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउने छन् ।

दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अङ्क नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अङ्क ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष 'एनजी' लागेको विषयमा मात्र परीक्षा दिन पाउनेछन् ।

गतचैत १५ गतेदेखि २७ गतेसम्म सञ्चालित परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार विद्यार्थीले परीक्षा दिएका छन् । ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।

## पर्यटन क्षेत्रको माग र शिक्षणसंस्थाको उत्पादनमा मेल खाएन

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

गण्डकी प्रदेशमा मात्र करिब एकहजार होटल छन । त्यस्तै दुइसय हाराहारीमा रेस्टुरेन्ट छन ।

होटल र रेस्टुरेन्ट बाहेक ट्राभल, ट्रेकिङ, प्याराग्लाइडिङ लगायतका सयौं पर्यटकीय उद्योग संचालनमा छन, जहाँ हजारौंले रोजगार पाएका छन ।



ठूलो जनशक्तिले हाल पर्यटन क्षेत्रमा रोजगार पाइरहँदा त्यो अझै अपुग रहेको पर्यटन क्षेत्रकै गुनासो छ । मागेजति र खोजेजति दक्ष जनशक्ति नपाएको व्यावसायीले बताउने गरेका छन् । जनशक्ति अभाव हुँदै गए पर्यटन क्षेत्र थप जोखिममा पर्नसक्ने पनि उनीहरुको चिन्ता छ । पर्यटन व्यावसायीका अनुसार अहिले गण्डकीमा मात्र करिब ७५ हजारले प्रत्यक्ष रोजगारी पाएका छन् ।

पर्यटन क्षेत्र फस्टाउँदै जाँदा जनशक्ति अभावको खड्को पर्यटन क्षेत्रले देखेको छ । तर पोखरामै पर्यटनका विभिन्न विषय अध्यापन गराउने शिक्षण संस्थाले भने विद्यार्थीले पर्यटन क्षेत्रमा पर्याप्त रोजगारी पाउन नसकेको गुनासो पनि गर्ने गरेका छन । होटल व्यवस्थापन, ट्राभल एण्ड टुरिजम लगायतका विषय अध्यापन गराएर वर्षेनी सयौं विद्यार्थी उत्पादन गर्दा पनि ती विद्यार्थीले पर्यटनको राजधानी पोखरामा सहजै रोजगार नपाएको गुनासो शिक्षण संस्थाको छ ।

पर्यटन क्षेत्रको माग र शिक्षण संस्थाको उत्पादनमा तादम्यता नमिल्दा अन्योल भएको दुवै क्षेत्रको ठहर छ । गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले पर्यटन क्षेत्रका अगुवा व्यावसायीसँग बुधबार शिक्षण संस्थाले उत्पादन गरेका जनशक्तिलाई कसरी पर्यटन क्षेत्रको उपयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा छलफल गरेको थियो। छलफलमा सहभागि व्यावसायीले जनशक्ति अभाव बढ्दै गएमा पर्यटन क्षेत्रको भविश्य पनि अन्योलमा पर्ने चिन्ता जनाए । शिक्षण संस्थाका पदाधिकारीले पनि युवा जनशक्तिलाई विदेश पलाउन हुन नदिन स्थानीयस्तरमा रोजगारमा अवसर र प्राथमिकता दिलाउन व्यावसायीलाई सुझाए ।

होटल संघ गण्डकी अध्यक्ष हरि शर्माले भने, 'होटल व्यवस्थापन विषय पढाउँदैमा दक्ष जनशक्ति पुरा भयो भन्न मिल्दैन । पर्यटन क्षेत्रका लागि चाहिने सबै विषयका विद्यार्थी उत्पादनमा ध्यान दिन जरुरी छ। इतिहासदेखि संस्कृति र भूगोल जान्ने जनशक्ति पनि पर्यटनमा आवश्यक छ ।

जसले विदेशी पाहुनालाई आवश्यक गाइड गर्न सकुन । विदेशीको बसाई अवधि बढाउने हो भने प्रकृतिदेखि संस्कार संस्कृति बताउन सक्ने जनशक्ति पनि चाहिन्छ।' उनले जनशक्ति अभाव हुँदै गए भविश्यमा पर्यटन क्षेत्र जोखिममा पर्नसक्ने चिन्ता जनाए।

पर्यटन बोर्डका पूर्व सदस्य टिकाराम सापकोटाले युवापुस्ता पलायन हुँदै जाँदा पर्यटन क्षेत्रमा पाको जनशक्तिको भरमा मात्र टिक्नुपरेको बताए । पाको जनशक्तिको उमेर सकिँदै जाँदा कुनैपनि बेला पर्यटन क्षेत्रलाई थप कामदारको अभाव हुनसक्ने जोखिम रहेकोले युवापुस्तालाई विदेशीन दबाट रोक्नुपर्ने बताए । 'पर्यटन क्षेत्र भनेको छिटोगरि स्वरोजगार बन्ने क्षेत्र पनि हो । खालि अरुकोमा काम गर्नुपर्छ भन्ने पनि छैन,' उनले भने, 'अध्यापन गराउँदा स्वरोजगार बन्ने गरि अवसरकोढोकापनिखोलिदिनुपर्छ।'

रेस्टुरेन्ट एण्ड बार एशोसिएसन अफ नेपाल (रेबान) अध्यक्ष नरेश भट्टराईले पर्यटन क्षेत्रमा प्राविधिक जनशक्ति अभाव रहेको बताए। 'होटललाई चाहिने इलेक्ट्रिसियनको अभाव हामीलाई छ । त्यसैले अब प्राविधिक शिक्षा दिएर जनशक्ति उत्पादनमा जोड दिनुपर्छ,' उनले भने, 'वेटर, कुक, सेफ पनि अभावै छ। तर, प्राविधिक क्षेत्रका जनशक्तिको खाँचो बढी छ ।'

ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) गण्डकी अध्यक्ष धर्मराज पन्थीले विद्यार्थीलाई इन्टर्नशीपको अनिवार्यता गर्ने हो भने जनशक्तिको अभाव केही कम गर्न सकिने बताए । होटल संघ पोखराका महासचिव राजेन्द्र ढकालले खोजेको जनशक्ति स्वदेशमा नपाएपछि विदेशीलाई महंगो पारिश्रमिक दिएर राख्नुपर्ने अवस्था रहेको बताए ।

पोखरा पर्यटन परिषद् (पिटिसी)का अध्यक्ष पोमनारायण श्रेष्ठले तल्लो तहमा मात्र नभई माथिल्लो तहमा पनि जनशक्ति खाँचो रहेको बताए। 'अब शिक्षण संस्थाले पर्यटनका लागि चाहिने सबैखालको जनशक्ति उत्पादनमा ध्यान दिनुपर्छ,' उनले भने, 'पोखरामै काम र दाम पाइने अवसर छ । त्यसको महत्व बुझाउने हो भने स्वदेशमै रोक्न सकिन्छ ।'

पश्चिमाञ्चल माविका संयोजक देव क्षेत्रीले पोखरामा करिब दर्जन संस्थाले होटल व्यवस्थापन विषय अध्यापन गराएर जनशक्ति उत्पादन गरेपनि पोखराकै लागि टिकाउ हुन नसकेको बताए । विद्यालयका अध्यक्ष प्राडा रामनाथ ओझले पाठ्यक्रम विकास केन्द्रले तोकेको भन्दा बढी पाठ्यक्रम पढाएर भएपनि अब्बल विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिने बताए ।

विद्यालयका प्राचार्य सरोज कोइरालाले पर्यटन क्षेत्रका लागि आवश्यक कुनैपनि खालको जनशक्ति उत्पादनमा विद्यालयले साथ दिने वचन दिए । पर्यटन क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने उनले बताए । पश्चिमाञ्चल माविमा अहिले विज्ञान, व्यवस्थापन, होटल व्यवस्थापन, मानविकी र कानुन विषयमा अध्यापन हुन्छ। अबको शैक्षिक सत्रदेखि सौन्दर्यकला विषयमा पनि विद्यालयले अध्यापन गराउने तयारी गरेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# त्रिभुवन आर्मी क्लवलाई पाँचौं गिरिजाप्रसाद कोईराला राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा १२ असार

विभागिय टोली त्रिभुवन आर्मी क्लवले पाँचौं गिरिजाप्रसाद कोईराला राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको उपाधि जितेको छ । पोखरा रंगशालाको बहुउद्देश्यीय कभर्ड हलमा बुधबार भएको फाइनल खेलमा आर्मीले अर्को विभागिय टोली नेपाल पुलिस क्लवलाई ५-१ को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो।

आर्मीको जितमा प्रदिप राजवंशीले ४ गोल र दिपेन्द्र अयरले १ गोलको योगदान दिनु भएको हो। पुलिसका रोमन रानाले शान्त्वना एक गोल गर्नु भएको थियो । प्रतियोगिताको फाइनल खेलमा आर्मीका मनोज चौधरी म्यान अफ दी म्याच घोषित हुनु भयो । फाइनल खेलमा रेफ्रिको निर्णय नमाने पछि पुलिसले केही समय मैदान छाडेको थियो भने केही समय खेले पश्चात अन्तिम समयमा करिब ४ मिनेट पुनः मैदान छाडेको थियो ।



उपाधि सहित आर्मीले ५० हजार नगद ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता भएको पुलिसले ३० हजार र तेस्रो भएको घरेलु टिम गण्डकी प्रदेश तेश्रो भएको हो। गण्डकीले कर्णाली प्रदेशलाई पराजित गरी तेश्रो भएको हो ।

त्यसै गरी प्रतियोगितामा आर्मीका दिपेन्द्र अयर उत्कृष्ट खेलाडी घोषित हुनु भयो। त्यसै गरी दिपेन्द्र राजवंशीले प्रतियोगितामा ११ गोल सहित सर्वाधिक गोलकर्ताको उपाधि जित्नु भयो। कर्णाली प्रदेशका १४ बर्षका खेलाडी शुसान्त रोका उदीयमान खेलाडी घोषित हुनु भयो । विभिन्न विधाका खेलाडीहरुलाई जनही ५/५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगिताका विजेता तथा उपविजेता टीमलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री बिन्दुकुमार थापा, संघका अध्यक्ष अनिल शर्मा, महासचिव सुवर्ण श्रेष्ठ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो ।

नेपाल हक्की संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको सहकार्यमा भएको प्रतियोगितामा विभागीय दुई नेपाली सेना र नेपाल प्रहरी तथा छ वटा प्रदेशका टीमको सहभागिता रहेको संघ प्रदेशका अध्यक्ष दीपक थापाले बताउनु भयो । प्रतियोगितामा गण्डकी प्रदेश हक्की संघले व्यवस्थापन गरेको हो । यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, मन्त्री बिन्दुकुमार थापाले पोखरा रंगशालामा रहेको मिडिया सेन्टर समेत अवलोकन गर्नु भएको थियो ।

# पर्यटन प्रवर्द्धनका लागि पोखरामा असारे रोपाइँ महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

गण्डकी, १२ असार : पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ हरेक वर्ष असार १५ गते हुँदै आएको असारे रोपाइँ महोत्सवको १९औँ संस्करण यस वर्ष पोखरा महानगरपालिका-२३ फेवाफाँटकोमार्गीमाहुनेभएकोछ।

पोखरा पर्यटन परिषद्को आयोजनामा हुने महोत्सवको १९औँ संस्करणको तयारीलाई तीव्र बनाइएको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । महोत्सवका लागि परिषद्का उपाध्यक्ष तारानाथ पहारीको संयोजकमा मूल व्यवस्थापन समिति गठन गरिएको छ । समितिको सह-संयोजकमाहरिरामअधिकारीर जीवनराजसापकोटारहनुभएकोछ।

महोत्सवमा हिलो खेल्ने, माछा समात्ने, साउने प्रतियोगिता, रसि तान्ने, हिले दौडसहित मनोरञ्जन लिन स्वदेशी र विदेशी पर्यटकको सहभागिता रहने परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो।



महोत्सवमा करिब १० हजारभन्दा बढी मानिसले सहभागिता जनाउने आयोजकको अनुमान छ । हिले दौड प्रतियोगिताअन्तर्गत स्वदेशी र विदेशी महिला र पुरुष पर्यटकको छुट्टाछुट्टै प्रतियोगिता हुनेछन् ।

त्यसअवसरमा विभिन्न सांस्कृतिक प्रस्तुति पनि रहने छन्।

नेपालीको मुख्य खाद्यान्न बालीका रूपमा रहेको धानखेतीप्रतिको आकर्षण घट्दै गएका अवस्थामा नयाँ पुस्तालाई धानखेती प्रणाली देखाउँदै उनीहरूलाई यसतर्फ आकर्षित गराउन पनि महोत्सव आयोजना गरिएको मूल व्यवस्थापन समितिका संयोजक पहारीले बताउनुभयो।

# जिसस कास्कीद्वारा खानेपानीका आयोजना अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

जिसस कास्कीद्वारा बुधबार कास्कीमा सन्चालित बिकास आयोजनाको अनुगमन गर्ने क्रममा बुधबार खानेपानी आयोजना अनुगमन गरिएको छ ।

जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको टोलिले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको मातहतमा पोखरा ३१ मा निर्मित कुर्लुङ खोला लिफ्टिङ्ग खानेपानी आयोजना र पोखरा ११ मा निर्मित काहु डाडा लिफ्टिङ्ग खानेपानी आयोजनाको अनुगमन गरेको हो।

अनुगमनका क्रममा पौडेलले बहुबर्षिय आयोजनामा अति न्यून बजेट बिनियोजित हुनु ,संचालित कतिपय आयोजनामा बजेट अभाबका कारण



आयोजनाको गुणस्तर प्रभाबित भएको देखिएको उल्लेख गर्नुभयो ।

समयमा निर्माण कम्पनिलाइ भुक्तानी नहुदा कतिपय आयोजना अलपत्र पर्ने गरेको भन्दै केही आयोजनामा स्रोत सुनिश्चितता नहुदा निर्माणमा ढिला सुस्ती हुने गरेको उल्लेख गर्नुभयो।

सो अबसरमा स्थानिय उपभोक्ताहरूले आयोजना संचालनमा देखिएका समस्या र चुनौतीहरूको बारेमा अनुगमन टोलिलाई अबगत गराएका थिए।

स्थानीय बाताबरण मैत्रीपुर्ण योजनाको पूर्णता र संचालन टड्कारो आबश्यकता भेको उल्लेख गर्दै प्रमुख पौडेलले गुणस्तर र योजनाको दिगोपनामा ध्यान दिन निर्माण कम्पनी सहित सरोकारवाला कार्यालयका कर्मचारीहरूलाइ आग्रह गर्नुभयो ।

सरकारले संघीयताको आबश्यकतालाई मध्यनजर गर्ने गरि बिकासका कार्यक्रम सहित समृद्धिको महाअभियानलाई अघि बढाउनुको बिकल्प नभएको उहाँको भनाइ थियो ।

अनुगमनमा कास्कीका उप प्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नवराज बराल, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख इन्जिनियर हरि प्रसाद तिमिल्सिना, जि स स कास्कीका पदाधिकारी तथा सदस्य,प्राबिधिक कर्मचारी सहित स्थानिय सरोकारवालाहरूको उपस्थिति रहेको जिसस कास्कीले जनाएको छ।

# पोखरामा 'आमसञ्चार र समावेशी पत्रकारिता' परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

प त्र का र तारामणि सापकोटाद्वारा लिखित अनुसन्धानमूलक पुस्तक 'आमसञ्चार र समावेशी पत्रकारिता' को पोखरामा परिचर्चा गरिएको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीको आयोजनामा बुधबार पुस्तकको परिचर्चा गरिएको हो। कार्यक्रममा पत्रकार तारामणि सापकोटाले पुस्तकमा समावेशीताको सैद्धान्तिक पक्ष तथा सरकारी सञ्चार संस्था र पेसागत संघसंगठनमा समावेशीकरणको वर्तमान अवस्थाका बारेमा तथ्यांकीय विश्लेषण प्रस्तुत गरिएको लेखक सापकोटाले बताए । पुस्तकमा नेपालमा समावेशिताको अवस्था, नेपाली सञ्चार क्षेत्रमा समावेशिताको अवस्था, मिडियाले खेल्नुपर्ने भूमिका लगायतका महत्वपूर्ण विषय समेटिएको उनले सुनाए ।

नेपाल प्रेस काउन्सिलकी सदस्य दुर्गा भण्डारीले मुलुकको समावेशी अवस्थासँगै पुस्तकमाथि परिचर्चा गरेकी थिइन् । उनले पुस्तकमा नेपालमा समावेशिताको अवस्था, नेपाली सञ्चार क्षेत्रमा समावेशिताको अवस्था,




मिडियाले खेल्नुपर्ने भूमिका लगायतका महत्वपूर्ण विषयमा तथ्यांकसहित अनुसन्धानमूलक विषय समेटिएको बताइन् ।

नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनीले सरकार र राजनीतिक दलहरूले समावेशिताको नारा लगाए पनि व्यवहारमा कार्यान्वयन गर्न नसकेको बताइन्। नेपाली सञ्चार क्षेत्रपनि समावेशिताको अभ्यासमा चुकेको उनको धारणा थियो ।

कार्यक्रममा सहभागीहरुले संविधान र कानुनमा व्यवस्था भएका समावेशिता सम्बन्धी व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन हुन नसकेको धारणा राखेका थिए । उनीहरूले संविधानको मर्म अनुसार समावेशी समाज निर्माणका लागि मिडियाले खबरदारी गर्नुपर्नेमा जोड दिए। यस्तै पुस्तकमा समाधानका पाटोसँगै कारणको खोजी गर्न उनीहरुले सुझाव दिएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना वर्षा शर्मा, नेपाल दलित संघका केन्द्रीय उपाध्यक्ष दीपक परियार, फोनिज गण्डकीका सदस्य कृष्ण आलेलगायतले जिज्ञासा र सुझाव राखेका थिए।

फोनिज गण्डकीका अध्यक्ष रुद्र श्रीसमगरको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष खिमा गुरुङले स्वागत गरेकी थिइन् । भने, महासचिव धनबहादुर गुरुङ 'सुमन' ले सञ्चालन गरेको थिए।

# 'उज्यालो गण्डकी' अभियान सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार


प्रदेश सरकारले आधार भूत विद्युत् सुविधामा सबै नागरिकको पहुँच सुनिश्चितताका लागि 'उज्यालो गण्डकी' अभियान सञ्चालन गरेको छ ।

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले चालु आर्थिक वर्षमा 'उज्यालो गण्डकी' घोषणा गर्ने तयारी भए पनि शून्य दशमलव पाँच प्रतिशत घर अझै बिजुलीको पहुँचबाहिर रहेका बताएको छ ।

नवलपुरको बौंदीकाली, बुलिङटार र तनहुँको देवघाट क्षेत्रमा विद्युत् सेवा विस्तारको काम बाँकी रहेको मन्त्रालयका इञ्जिनीयर जीवन श्रेष्ठले राससलाई बताउनुभयो । "नवलपुरमा विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरणले जिम्मा लिएको छ, प्रदेशले बजेट पनि उपलब्ध गराइसकेको छ", उहाँले भन्नुभयो, "प्राधिकरणले काममा ढिलाइ गरेकाले चालु आवमा 'उज्यालो गण्डकी' घोषणा हुन सकेन, तनहुँमा पनि प्राधिकरणले आफ्नै आयोजनाबाट तीन सय ७० घरमा विद्युत् सेवा पुऱ्याउन बाँकी छ ।"

आगामी भदौभित्र दुवै जिल्लामा बाँकी रहेका घरमा विद्युत् सुविधाको पहुँच सुनिश्चितता भएपछि 'उज्यालो गण्डकी' घोषणा गरिने ऊर्जा शाखा प्रमुख श्रेष्ठले बताउनुभयो ।

बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको 'उज्यालो गण्डकी'को लक्ष्य आगामी आवभित्रमा हासिल हुने मन्त्रालयले जनाएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# बाढी पहिरोको सधैं पीडा

गृह मन्त्रालयका सूचना अधिकारी एकदेव अधिकारीले दिएको जानकारीअनुसार अहिले देशैभरि प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहत कार्य जारी छ सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखलाई जिल्ला नछाड्न निर्देशन दिइएको छ । "केन्द्रदेखि स्थानीय तहसम्मका विपद् समितिहरू अहिले सक्रिय बनाउनुपर्ने भएको छ । बाढी तथा डुबान प्रभावित क्षेत्रमा पहिले नै एसएमएसमार्फत् मानिसहरूलाई जानकारी दिने काम पनि अन्य क्षेत्रमा नदिंदा मानवीय र भौतिक क्षति भएको छ ।

जल तथा मौसम विज्ञान विभागले केही वर्षदेखि त्यस्तो पूर्वसूचना दिँदै आएको छ तर सबैले त्यसैलाई गम्भीरतापूर्वक लिएको पाइदैन । सम्भावित प्रभावित क्षेत्रका मानिसहरूले सतर्कता अपनाएमा जनधनको क्षति न्यूनीकरणमा सहयोग पुग्नेछ । गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको विवरणअनुसार एक सातामा देशभरि बाढी, पहिरो, डुबान र चट्याङसम्बन्धी ५५ वटा विपद्का घटना भएका छन् । ती घटनामा परेर तीन जनाको ज्यान गएको छ भने चार बेपत्ता र सात घाइते भएका छन् । त्यस अवधिमा कुल १११ परिवार प्रभावित भएको र नौवटा घरमा पूर्ण वा आंशिक क्षति पुगेको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार यो साताभरि नै देशैभरि पानी पर्ने सम्भावना छ । "कोशी, मधेश, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा ठूलो वर्षाको पनि सम्भावना रहेकोले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रहरूमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउनु जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# मनिताले पेरिस ओलम्पिक खेल्ने

**रासस**
काठमाडौं, १२ असार

काठमाडौं, १२ असार : जुडो खेलाडी मनिता श्रेष्ठ प्रधानले पेरिस ओलम्पिक–२०२४ खेल्ने भएकी छन् ।

आगामी साउन ११ देखि २७ गतेसम्म हुने पेरिस ओलम्पिकमा सहभागी हुन मनिताले वाइल्ड कार्ड प्राप्त गरेको नेपाल ओलम्पिक कमिटीका कार्यकारी सचिव सुजनलाल श्रेष्ठले जानकारी दिनुभयो । मनीताले महिला ५७ किलोग्राममुनि तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छिन् । दक्षिण एसियाली खेलकुद (साग) को १२ औं र १३ औं संस्करणकी रजत विजेता २५ वर्षीया मनिताले ९ वर्षको उमेरदेखि जुडो खेल्न थालेकी थिइन् । उनको पहिलो प्रतियोगिता सन् २०११ मा काठमाडौंको धापासीमा भएको त्रियोग जुडो च्याम्पियनसिप हो । त्यसमा मनीताले स्वर्ण जितेकी थिइन् । मनीता ओलम्पिक छात्रवृत्ति प्राप्त खेलाडी हुन् ।

मनिताले कीर्गिस्तानमा भएको जुनियर एसियाली जुडोमा कास्य, थाइल्यान्ड विश्वविद्यालय जुडोमा स्वर्ण, दक्षिण एसियाली जुडो च्याम्पियनसिपमा रजतलगायत अन्तर्राष्ट्रिय पदक जितेकी छन् । मनीतासँग एसियाली खेलकुदको १८ औं १९ औं संस्करण खेलेको अनुभव छ । पेरिस ओलम्पिककै लागि मनिताले जापान, चाइनिज ताइपे, हङकङ र कीर्गिस्तानमा छनोट प्रतियोगिता खेलेकी थिइन् । उनी राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरिरहेको मिसन २०२६ अन्तर्गत राष्ट्रिय टिम तयारी विशेष प्रशिक्षणमा रहेकी छन् ।

काठमाडौंको एकलटार स्थित रानीवनमा रहेको बन्दी सहायता नियोग (पाम) बाट जुडो खेल्न सुरु गरेकी मनिता विगत पाँच वर्षदेखि नेपाल प्रहरीमा आबद्ध छिन् । उनका सुरुआती गुरु टोकियो ओलम्पिक–२०२० मा प्रशिक्षकको भूमिका निर्वाह गरेका सूर्यनारायण श्रेष्ठ हुनुहुन्छ । पाममा हाल २८ जना आश्रित छन् र सबै जुडो खेल्छन् । ओलम्पिकमा सहभागी हुने मनिता छैटौं नेपाली जुडो खेलाडी हुन् । यसअघि १९८८ को सिओल ओलम्पिकमा गङ्गाबहादुर डङगोल र ऋषिराम प्रधान, २००८ को बेइजिङ ओलम्पिकमा देबु थापा, २०१६ को रियो ओलम्पिकमा फुपु ल्हामु खत्री, २०२० को टोकियो ओलम्पिकमा सोनिया भट्टले नेपालको प्रतिनिधित्व गरेका थिए ।

मनिताले छनोट भएकामा आश्चर्य र खुसी लागेको प्रतिक्रिया दिँदै पेरिस ओलम्पिकमा अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गर्ने बताइन् । "सुरुमा मलाई ओलम्पिक कमिटीबाट पेरिस ओलम्पिकका लागि छनोट भएको खबर आएको थियो, पत्याउनै गाह्रो भयो । त्यसपछि सूर्य गुरुको फोन आयो, अनि मात्र विश्वस्त भए । ओलम्पिकजस्तो ठूलो खेलकुदमा छनोट भएकामा आश्चर्य र खुसी लागेको छ", मनिताले भनिन्, "पेरिस ओलम्पिकमा अहिलेसम्मकै उत्कृष्ट दिने प्रयास गर्ने छु ।" पेरिस ओलम्पिकमा हालसम्म नेपालबाट सहभागी हुने खेलाडीको सङ्ख्या सात पुगेको छ ।

# स्वर्गीय कार्कीको स्मृतिमा अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पोखराका धार्मिक तथा सामाजिक व्यक्तित्व पदम वहादुर कार्कीको स्मृतिमा अक्षयकोष स्थापना गरिएको छ ।

हिमालय क्लब बाटुलेचौरले क्लवका पूर्व अध्यक्ष स्व कार्कीको स्मृतिमा एक लाख एघार हजार एकसय एघार रूपैयाँको अक्षयकोष स्थापना गरेको हो । क्लवले बुधवार आयोजना गरेको श्रद्धाञ्जली सभामा समाजमा धार्मिक तथा सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्ति संस्थालाई सम्मान गर्ने उद्देश्यले कोष स्थापनाको घोषणा गरिएको क्लवका पुर्व अध्यक्ष मोहन वहादुर थापाले जानकारी दिनुभयो ।

सभामा मानार्थ सदस्य एवं पुर्व मन्त्री कुमार खड्काले स्व



कार्कीले यस क्षेत्रको सामाजिक, धार्मिक तथा राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याएको चर्चा गर्दै उहाँको योगदानलाई चिर स्थायी बनाउनु पर्नेमा जोड दिनुभयो ।

क्लबका अध्यक्ष सुशील बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष तीर्थ तामाङ, पुर्व अध्यक्ष जिव नारायण श्रेष्ठ, मोहन वहादुर थापा, केभसिटी सहकारीका अध्यक्ष दुर्गालाल श्रेष्ठ, हिमालय सहकारीका उपाध्यक्ष प्रकास थापा, क्लवका सचिव शवराज देवकोटा लगायतकाले स्वर्गीय कार्कीको योगदानको चर्चा गरेका थिए ।

यसैबिच विन्ध्यवासिनी माविले पनि शोक सभा गरेको छ । विन्ध्यवासिनी उच्च मा वि स्थापनार्थ आयोजित महायज्ञका प्रमुख अतिथि रहेका कार्कीको स्मृतिमा शोक सभा गरिएको हो ।

सभामा स्व कार्कीको योगदानको चर्चा गर्नुका साथै पुष्प गुच्छा अर्पण गरिएको थियो । क्षेत्री समाजका केन्द्रीय कोषाध्यक्ष समेत रहेका कार्कीको गत विहीबार ६७ वर्षको उमेरमा उपचारका क्रममा काठमाडौंमा निधन भएको थियो ।

# पोखरा–३ मा निःशुल्क प्रजनन् स्वास्थ्य शिविर एवं सचेतना

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा १२, असार

नेपाल परिवार नियोजन संघ कास्कीले पोखरा महानगरपालिका वडा नं ३ कार्यालयको सहयोगमा पोखरामा बुधबार निःशुल्क प्रजनन् स्वास्थ्य शिविर एवं सचेतना कार्यक्रम गरेको छ ।

पोखरा -३ स्थित महिला मिलन समूह र बाल मन्दिर आमा समूहको समन्वयमा कन्या माविमा आयोजित शिविरमा ७३ जना महिलाको पाठेघरको मुखको क्यान्सर परिक्षण गरि औषधी वितरण गरिएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो ।

कार्यक्रम उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले नागरिक ३४ प्रकारका मौलिक अधिकार मध्य स्वास्थ्य अधिकारलाई सरकारले सुनिश्चित गर्नुपर्ने उल्लेख गर्नुभयो।

उहाँले समयमा नै उपचार पाउँदा धेरै रोग निको हुन सक्ने भन्दै रोग लुकाउन नहुने बताउनुभयो ।

संविधान सभा सदस्य कृष्ण कुमारी परियारले कुनै पनि समस्या समाधानका लागि सरकार, समुदाय र संघ संस्था मिलेर अघि बढ्नुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३ का वडा सदस्यहरु शान्तिदेवी पराजुली, सवि परियार, पोखरा ३ का सचिव मोहन ढुङ्गाना, नेपाल परिवार नियोजन संघका बरिष्ठ शाखा प्रबन्धक नवराज तिवारी लगायतले बोल्नुभएको थियो ।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा बाल मन्दिर आमा समूहकी सचिव मिन कुमारी श्रेष्ठले स्वागत, महिला मिलन समूहकी अध्यक्ष देवी पराजुलीले धन्यवाद ज्ञापन र महिला मिलन समूहकी सचिव विष्णुदेवी पराजुलीले संचालन गर्नुभएको थियो ।

# बेनी–भकिम्ली सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी १२, असार

डेढ दशकपछि म्याग्दीको बेनी–भकिम्ली सडक स्तरोन्नति थालिएको छ । उक्त सडकले बेनी नगरपालिका–२, ३, ४ र मङ्गला गाउँपालिका–३ र ४ वडालाई सदरमुकाम बेनी बजारसँग जोड्छ।

गण्डकी प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालय म्याग्दीले ठेक्कामार्फत बेनी–२ को बगरफाँटबाट दुधेखोला–हल्लेगौडा–डोले–मुसुङ जोड्ने सडक ग्राभेल र ढलान गर्ने योजना कार्यान्वयन गरेको हो । गत जेठ २९ गते रु पाँच करोड ५९ लाखमा ठेक्का सम्झौता गरेको माछापुच्छ्रे–हिमालयन जेभी कार्यक्षेत्रमा परिचालित भएको पूर्वाधार विकास कार्यालयका सवइन्जिनियर रविन चोखालले जानकारी दिनुभयो । यसको लागत रु सात करोड ७२ लाख रहेको छ ।

आगामी १८ महिनामा बगरफाँटबाट दूधेखोलासम्मको तीन किलोमिटर सडक ग्राभेल र दूधेखोलाबाट भकिम्लीतर्फ तीन सय ९० मिटर सडक ढलान गरिने छ । सडक सात मिटर चौडा बनाइने छ । विसं २०६५ मा सडक निर्माण गरिएको हो ।

उक्त सडक हाल चार मिटर चौडा छ । गण्डकी प्रदेश सरकारद्वारा चालु आवमा रु दुई करोड बजेट विनियोजन गरिएको उक्त सडकलाई बहुवर्षीय ठेक्का लगाउन रु १० करोड बजेटको स्रोत सुनिश्चितता गरिएको सवइन्जिनियर चोखालले बताउनुभयो ।

विसं २०७६ मा सुरु भएको रघुगङ्गा गाउँपालिकाको पिप्ले–भगवती सडक यस वर्ष निर्माण सम्पन्न भएको छ । अन्नपूर्ण गाउँपालिकाको चित्रेबाट पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नतिको तयारी छ ।

# रुसी सेनामा कार्यरत तनहुँका एक युवाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा १२, असार

तनहुँको आँबुखैरेनी गाउँपालिका–५ भोटेश्वारा घर भई हाल रुसी सेनामा भर्ना भएका एक युवाको मृत्यु भएको छ ।

सात महिना अगाडि रुसी सेनामा भर्ना भएका रन्जित गुरुङको केही दिन अगाडि मृत्यु भएको हो ।

रुसी सेनामा भर्ना भएका गुरुङकै साथीले निजका परिवारलाई फोन गरेर उनको मृत्यु भएको जानकारी गराएको छिमकेश्वरीस्थित कन्यादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सात महिना अगाडि रुसी सेनामा भर्ना भएका गुरुङ १५ दिनदेखि परिवारसँग सम्पर्कविहीन हुनुहुन्थ्यो।त्यसअगाडिभनेपरिवारसँग कुराकानी भइरहेको थियो ।"

गुरुङका साथीले आफूहरू द्वन्द्वग्रस्त क्षेत्रमा जाँदा उक्त घटना भएको बताएको गुरुङले उल्लेख गर्नुभयो । "फोन गर्ने व्यक्तिले म पनि घाइते भएको छु भनेर रन्जितका परिवारलाई जानकारी गराएका छन्", गुरुङले भन्नुभयो ।

स्थानीय टेकबहादुर गुरुङले घटनाबारे जानकारी पाएपछि गाउँ शोकमा डुबेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "घटना सुनेदेखि सबै शोकमा हुनुहुन्छ । उहाँ एकदमै मिलनसार हुनुहुन्थ्यो। सोच्नै नसक्ने घटना भएको छ ।"

आँबुखैरेनी गाउँपालिका–५ का वडाध्यक्ष सन्तोष गुरुङले उक्त घटनाले आफूहरूलाई स्तब्ध तुल्याएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मेरो वडाले एक होनहार युवा गुमाएको छ ।"

रुसी सेनामा भर्ना भएका तनहुँका नौ जना परिवारको सम्पर्कमा छैनन् । जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको आप्रवासी स्रोत केन्द्रका अनुसार जिल्लाका नौ जना युवा रुसी सेनामा भर्ना भएको र आफन्तको सम्पर्कमा नरहेको भन्दै निवेदन परेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ४ गणेश गुठी पुन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गणेश गुठी पुन निर्माण योजना

ठेगानाः पोखरा–४

योजना सम्झौता मितिः २०८०/१२/२६ गते

योजना सम्पन्न हुने मितिः २०८१/०३/१० गते

योजना सम्पन्न भएको मितिः २०८१/०३/१० गते

पोखरा महानगरपालिकाबाटः रु. ९,००,०००/-

योजनाको जम्मा खर्च : रु ९,००,६९५/२३

उपभोक्ता समिति अध्यक्षः जय देव मुल्मी

सम्पर्क नं.: ९८४६०२२८९८

सचिवः मिरा मुनांकमी, कोषाध्यक्षः विष्णु मुनांकमी

अनुगमन समिति संयोजकः कृष्ण हरी पालिखे

**गणेश गुठी पुन निर्माण उपभोक्ता समिति**

**पोखरा-४**


# मार्ग खुलेको ढेड दशकपछि कालोपत्र

**पोखरापत्र संवाददाता**
पर्वत १२, असार

कच्ची सडकको सुविधा पुगेको डेढ दशकपछि पर्वतको जलजला गाउँपालिकाको मल्लाज क्षेत्रमा सडक कालोपत्र गर्न थालिएको छ ।

लामो समयदेखि कच्ची सडकमा आवागमन गर्दा कारण सास्ती व्यहोर्न बाध्य जलजला–२, ३ र ४ का स्थानीय सडक कालोपत्र भएपछि हर्षित बनेका छन् ।

एकीकृत बस्तीको अवधारणा अनुसार ग्रामीण सडक कालोपत्र गरिएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङले जनाएको छ । एकीकृत बस्ती विकास कार्यक्रममार्फत जलजलाको मल्लाज क्षेत्रमा पर्ने वडा नं २, ३ र ४ का बस्तीलाई समेटेर चार दशमलव आठ किलोमिटर सडक कालोपत्र गरिएको कार्यालयका सबइन्जिनियर अमृत क्षेत्रीले बताउनुभयो ।

"पहिलो चरणमा मल्लाजको खाल्टीबाट समिको रुखसम्मको एक हजार चार सय मिटरमा 'प्राइमकोर्ट' विछ्याएर प्रिमिक्स कारपेटिङ प्रविधिको कालोपत्र गरिएको छ । दोस्रो चरणमा बाँकी भाग कालोपत्र गरिने छ", सबइन्जिनियर अमृत क्षेत्रीले भन्नुभयो । कच्ची सडकलाई फराकिलो पार्ने, नाली, कल्भर्ट, पर्खाल निर्माण, सब बेस र बेस विछ्याउने काम सकेर प्राइमकोट (बिटुमिन) विछ्याएर कालोपत्रको काम तीव्र गतिमा भइरहेको उहाँले जानकारी दिनुभयो ।

सबइन्जिनियर अमृत क्षेत्रीका अनुसार साढे पाँच मिटरदेखि छ मिटरको चौडाइमा प्रिमिक्स कारपेटिङ प्रविधिको कालोपत्र गरिएको छ । मौसमले अनुकुल भएमा यसै साताभित्र कालोपत्र गरिसक्ने योजनाका साथ मजदुर र उपकरण परिचालन गरिएको निर्माण कम्पनी गणेशकुण्ड आइएस निर्माण सेवा जेभीका प्रतिनिधि रामेश्वर ढकालले जानकारी दिनुभयो । "एक हजार चार सय मिटरमा प्राइमकोर्ट विछ्याउने काम गरेका छौं", उहाँले भन्नुभयो, "मौसमले साथ दिए एक हप्ताभित्रमा कालोपत्रको काम सक्छौं ।"

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङले विसं २०७९ असार १९ गते दुई वर्षभित्रमा योजना सम्पन्न गर्ने गरी रु ११ करोड १२ लाख ३१ हजार सात सय ४६ मा ठेक्का सम्झौता गरेको थियो ।

सडक कालोपत्र भएपछि जलजला–२, ३ र ४ नम्बर वडाका स्थानीयलाई आवतजावतमा सहज हुने वडा नं ४ का वडाध्यक्ष भरतबहादुर क्षेत्रीले बताउनुभयो । सडक स्तरोन्नतिका क्रममा आइपर्ने समस्यालाई जनप्रतिनिधिले सहजीकरण गरेकाले समयमै योजना सम्पन्न हुने चरणमा रहेको उहाँको भनाइ छ ।

घना बस्ती रहेको मल्लाजको माझफाँटका तीनवटा वडालाई कालोपत्र सडकले जोडिएसँगै यहाँको विकास र समृद्धिको ढोका खुल्ने अपेक्षा गरिएको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो । सडक कालोपत्र भएसँगै माझफाँटमा एकीकृत बस्ती विकासका लागि आवश्यक पर्ने अन्य पूर्वाधार निर्माण गर्न सम्बन्धित निकायमा योजना माग गरिने गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो ।

# पाठेघर र स्तन क्यान्सर पत्ता लगाउन गाउँमै 'स्क्रिनिङ'

**पोखरापत्र संवाददाता**
पर्वत १२, असार

जिल्लाको जलजला गाउँपालिका-७ धाइरिङकी ८१ वर्षीया वृद्धालाई आफूमा आङ खस्ने (पाठेघर खस्ने) समस्या रहेको कुरा शनिबार मात्रै थाहा भयो।

केहीवर्ष अगाडिदेखि नै उहाँमा उक्त समस्या रहेको कुरा चिकित्सकले पत्ता लगाएका हुन् । यसअघि आफूमा भएको समस्या पत्ता लगाउन सदरमुकामस्थित अस्पतालमा जाने सम्भावना पनि नभएकाले थाहा नभएको वृद्ध बताउनुहुन्छ ।

महिलामा पाठेघरको मुख र स्तनमा हुने क्यान्सरलाई न्यूनीकरण गर्ने प्रयास भइरहेका छन् । सहरी क्षेत्रमा बसोबास गर्नेको स्वास्थ्य सेवामा सहज पहुँच पाउने भए पनि ग्रामीण क्षेत्रका महिलाहरू यस बारेमा त्यति सचेत छैनन् । बिरामी नै परेपछि मात्रै स्वास्थ्य संस्थामा जाने प्रचलनले पनि महिलामा पाठेघर र स्तन क्यान्सर गहिरिइरहेको पर्वत अस्पतालकी स्त्री रोग विशेषज्ञ डा सन्तोषी थपलिया बताउनुहुन्छ ।

यही अवस्था नआओस् भनेर स्वास्थ्य कार्यालय पर्वत र जलजला गाउँपालिकाको समन्वयमा धाइरिङमा 'निःशुल्क स्क्रिनिङ शिविर' राखेर स्थानीय महिलाको पाठेघर र स्तन परीक्षण गरिएको थियो।

स्वास्थ्य कार्यालयकी जनस्वास्थ्य अधिकृत अञ्जली पिसीका अनुसार शिविरमा जिल्ला अस्पतालकी स्त्री रोग विशेषज्ञ डा थपलिया, डा मिलान अवाले, सिनियर अनमी सरस्वती बराल, कुश्मा नगरपालिकाकी सिनियर अनमी दुर्गा सापकोटा, जलजला गाउँपालिकाको स्वास्थ्य शाखाकी सिनियर अनमी अञ्जली वैरागीसहित पाठेघरको मुखको क्यान्सरको परीक्षण गर्ने विशेष तालिम भिआइए (भिजुअल इन्सपेक्सन विथ एसिटिक एसिड) प्राप्त गरेका स्वास्थ्यकर्मी शान्ति शर्मा, राधा शर्मा र दिलु रिजाललगायतले परीक्षण गरेका थिए ।

परीक्षणका लागि एक सय दुई जना महिला आएकामा ८५ को 'भिआइए' विधिमार्फत पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो। यीमध्येका चार जनामा 'भिआइए पोजेटिभ' नतिजा आएको भन्दै क्यान्सरको सम्भावना हुनसक्ने भएकाले थप परीक्षणका लागि समन्वय गरिएको उहाँको भनाइ छ।

छ जनामा आङ खस्ने समस्या देखिएको छ । 'स्क्रिनिङ' गरिएकामध्ये कसैमा पनि स्तन क्यान्सरको शङ्कास्पद अवस्था नदेखिएको शिविर व्यवस्थापक स्वास्थ्य कार्यालयकी पब्लिक हेल्थ नर्स सुमन शर्माले बताउनुभयो । 'भिआइए' विधिमा पाठेघरको मुखको मांसपेशीको कुनै नमुना निकालेर एसिटिक एसिडमा एक मिनेटसम्म राखेपछि क्यान्सरको शङ्का गर्न सकिने वा नसकिने भन्ने अवस्था टुङ्गो लाग्ने भएकाले 'स्क्रिनिङ' शिविरमा यसैका माध्यमबाट परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो।

क्यान्सरको शङ्का लागेको अवस्थामा भने थप अनुसन्धान र निदानका लागि पर्वत अस्पतालले आफूभन्दा माथिल्लो स्तरको स्वास्थ्य संस्थामा पठाउने तयारी गरेको शर्माको भनाइ छ ।

शिविरमा परीक्षण गर्दा चार जनामा 'भिआइए पोजेटिभ' देखिएपछि थप परीक्षण गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको छ ।

आङ खस्ने समस्या देखिएका अन्य छ जना महिलालाई पनि उपचारका लागि सोही अस्पतालमा पठाइएको उहाँले जानकारी दिनुभयो ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले ग्रामीण क्षेत्रमा रहेका धेरै महिला थाहै नपाइ पाठेघरको मुख र स्तन क्यान्सरबाट पीडित भएको हुनसक्ने जोखिम रहेको बताउनुभयो ।

ग्रामीण क्षेत्रमा यस्ता परीक्षण गर्न सक्ने दक्ष जनशक्ति र उपकरण नहुने भएकाले राज्यले ग्रामीण क्षेत्रका नागरिकलाई पहिलो प्राथमिकतामा राखेर योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# तनहुँमा रासायनिक मल पर्याप्त मौज्दात

**पोखरापत्र संवाददाता**
तनहुँ १२, असार

बर्सेनि रासायनिक मल अभाव व्यहोरेका तनहुँका किसानलाई समस्या नहुने भएको छ । भण्डारणमा पर्याप्त मौज्दात रासायनिक मल भएपछि तनहुँका किसानले धान तथा मकैखेतीका लागि मल अभाव झेल्नु नपर्ने भएको हो ।

जिल्लामा आवश्यक रासायनिक मल आयात भइरहेको र मल आउने क्रम जारी रहेकाले अभाव नहुने कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय दमौलीले जनाएको छ। कम्पनीले बजार मागअनुसार मल ल्याउन नसक्दा विगत वर्षमा किसानले मल अभाव झेल्नुपरेको प्रमुख दिनेश शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा माग भएअनुरुप नै आयात भइरहेको र मौज्दात रहेको मल वितरण भइरहेको छ। रासायनिक मलको सबैभन्दा धेरै माग असारमा हुने र मागअनुसारको आइरहेको र आउने क्रम जारी रहेकाले अभाव नहुने उहाँले बताउनुभयो ।

कृषि ज्ञान केन्द्र र कृषि सामग्री कम्पनीसँगको मङ्गलबार भएको छलफलपछि सहमतिमा असार १५ गतेदेखि युरिया र डिएपी मल एकसाथ वितरण गरिने उहाँले बताउनुभयो । उहाँले कम्पनीसँग रहेको मौज्दातले माग धानेकाले अभाव नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि डिएपी मल पठाइरहेका छौँ, १५ गतेबाट युरिया र डिएपी दुवै मल बिक्री वितरण हुन्छ ।"

कृषि सामग्री कम्पनी लिमिटेडले तनहुँ र लमजुङ जिल्लाका किसानका लागि पालिकाले तोकेका कृषि सहकारी संस्थामार्फत मल वितरण गर्दै आएको छ । तनहुँलाई एक सय ५० टन युरिया र दुई सय टन डिएपी र लमजुङका लागि एक सय टन युरिया र एक सय टन डिएपी वितरण हुने उहाँले बताउनुभयो ।

प्रमुख शर्माका अनुसार युरिया एक हजार छ सय ५० टन, डीएपी चार सय तीन टन, पोटास ५३ टन र चुना तीन टन आयात भएको छ भने थप मल आउने क्रममा रहेको छ । तनहुँका लागि युरिया एक हजार एक सय ४०, डिएपी दुई सय ९५ टन र पोटास ३६ टन माग छ। लमजुङको लागि युरिया पाँच सय टन, डिएपी एक सय आठ टन र पोटास १७ टन माग छ ।

गण्डकी प्रदेश सरकारले कोटा निर्धारण गरिसकेको र असार १५ देखि रोपाइँ धमाधम हुने भएकाले वितरणलाई पनि प्रभावकारी तवरबाट गरिने उहाँले बताउनुभयो । गत वर्ष चार प्रकारका मल गरी एक हजार चार सय १८ टन मात्रै मल आएकाले अभाव भएको थियो । तनहुँमा ९५ र लमजुङमा ५२ गरी एक सय ४७ वितरण केन्द्र छन् । कृषि ज्ञान केन्द्रले आवश्यकतानुसार पालिकालाई कोटा निर्धारण गर्ने र पालिकाले सोहीअनुसार केन्द्रको कोटा निर्धारण गरी पत्र पठाएपछि मल प्रदान गरिने शर्माले जानकारी दिनुभयो । गत वर्षभन्दा यस वर्ष धेरै मल आयात गरिएकाले अभावको समस्या नआउने शर्माको विश्वास छ ।

# भेडीगोठले बुकीमा चहलपहल, बेँसी सुनसान

**पोखरापत्र संवाददाता**
बागलुङ १२, असार



जेठ पहिलो सातासम्म पश्चिम बागलुङको तल्लो क्षेत्रका बारी, खर्क र भिराला जमिन भेडाका बथानले ढाकिएका थिए ।

जेठ दोस्रो सातादेखि किसानले पशुचौपाया बुकी उकाल्न थालेपछि अहिले तल्लो क्षेत्र सुनसान बनेका छन् । यतिबेला सोडेडाँडा, ढोरपाटन देउराली, पातीहाल्नेलगायत ठाउँमा गाईभैँसी, भेडाबाख्रा, भोटे कुकुरसँगै गोठाला किलादाम्ला र खर्चबर्च बोकी बुकी उक्लिरहेका भेटिन्छ । हरेक वर्ष बर्खाको समय बुकी (लेक) र हिउँदको समय बेंसी (औल)मा बस्ने पश्चिम बागलुङका गोठालाको परम्परा नै हो । एकै परिवारले सयौंको सङ्ख्यामा पशुचौपाया पाल्ने हुँदा बाह्रै महिना एकै ठाउँमा बसेर घाँस र दाना पुऱ्याउन नसकिने हुँदा यहाँका स्थानीय हरेक वर्ष यस्तै गर्छन् ।

हिउँदमा बेंसी क्षेत्र रमाइलो हुने गरेकामा बर्खा लाग्न थालेपछि बुकीमा पशुचौपाया र गोठालाको चहलपहल बढेको छ । अबको एक सातामा बुकी भेडाका बथानले भरिन्छन् भने बेंसी क्षेत्र रित्तो हुन्छन् । अघिल्लो वर्ष असोज र कात्तिकमा बेंसी झरेका गोठाला सात महिनापछि लेक उक्लिन थालेका हुन् भने अबको करिब पाँच महिना उनीहरूले लेकमै बस्ने छन् । यतिबेला बेंसीमा घाँस सकिएको र लेकमा प्रशस्त पाइने भएकाले गोठाला दुई हजार दुई सय मिटरदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पुग्ने गर्छन् ।

बर्खाभरी बुकीमा पालेका भेडाबाख्रा दसैँताका सहर बजारसम्म लगेर बिक्री गर्ने यहाँका गोठालाले त्यसबाट राम्रो आम्दानी गर्ने गरेका छन् । निसीखोलाको रिग, खानीखोला, तमानखोलाको सोलेडाँडा, ढोरपाटनको माथिल्लो बुकी, जलजला लगायतका क्षेत्र गोठालाहरूको मुख्य बासस्थान हो । रिग र खानीखोलामा रोल्पा र रुकुमका गोठाला पनि आउने गर्छन्।

हिउँदको समय बुकीमा हिउँ पर्ने र जाडो हुनेहुँदा बेँसी ओर्लनु यहाँको चलनै हो । अहिले लेक चढ्ने भेडीगोठाला साउन भदौतिर एक/दुई पटक खर्च लिन गाउँ झर्ने गरे पनि बाँकी समय बुकीमै बिताउने गरेका निसीखोला गाउँपालिका-६ का गोरखबहादुर घर्तीमगरले बताउनुभयो । बुकीमा भएका बेला बिरामी परे मात्रै बेंसी झर्ने गरेको उहाँको भनाइ छ। "आठ/नौ सय भेडाबाख्रा छन्, चार दिन अगाडि जेठानले बुकी लगेर जानुभयो, मलाई अलि सञ्चो थिएन र अहिले बल्ल ठीक भएर खर्च लगेर जाँदैछु, अब असोजमा आउने हो । अब खर्च सिकियो वा दुःख बिमार लाग्यो बने मात्रै बेंसी झर्ने हो", घर्तीमगरले भन्नुभयो ।

यहाँका किसान लेकबेंसी गरेर हजारौँको सङ्ख्यामा पशुपालन गर्छन् । उनीहरूले आफ्नै बलबुतामा परम्परागत पशुपालन पेसा अँगाल्दै आएका छन् ।

पछिल्लो समय सडक बनेपछि केही सहज भएको छ तर राज्यले आफूहरूलाई कुनै सहुलियत नदिएको धेरैको गुनासो छ ।

पूर्वी रुकुमको भूमे गाउँपालिका-१ का हर्कबहादुर बुढामगरले आफ्नै बलबुतामा सयौँ पशुबस्तु पाले पनि सरकारबाट कुनै सहुलियत नपाएको बताउनुहुन्छ । "पहिले त निकै कष्ट हुन्थ्यो, अहिले सडक बनेपछि केही राहत भएको छ । त्योभन्दा बाहेक सरकारबाट केही पाएका छैनौँ । मध्यपहाडी लोकमार्ग भेडीगोठ नजिकै पर्ने हुँदा यात्रा गर्ने यात्रुले बथानमा आएर भेडा किनेर लैजान्छन्, बाँकी दसैँतिहारमा सहरबजार लिएर आम्दानी गरिरहेका छौँ । यही हाम्रो आम्दानीको स्रोत हो", उहाँले भन्नुभयो।

असार लागेपछि बुकी बीसौँ हजार भेडाबाख्राले भरिएको बुढामगरले बताउनुभयो । गाउँबाट बुकी पुग्न करिब चार दिन लाग्ने गरेको उहाँले सुनाउनुभयो । "यो भेडाबाख्राले बुकी ढाकिने सिजन हो, कति छन् गन्नै सकिँदैन । गोठाला पनि धेरै हुन्छन्, कसको बथानमा कति भेडा छन्, त्यो स्वयं गोठालालाई मात्रै थाहा हुन्छ", बुढामगरले भन्नुभयो, "पोहोरसाल जेठमै बुकी गएको थिएँ, यस वर्ष अलि ढिला पानी परेकाले असार लागेपछि मात्रै माथि उक्लिन थालेका छौँ, अब असोजमा भेडा बेच्न बजार झर्ने हो ।"

# तीन सन्तानकी आमा रेनु, छोरीसँगै विद्यालय जान्छिन्

**पोखरापत्र संवाददाता**
वालिङ १२, असार

स्याङ्जाको चापाकोट नगरपालिका-९ फूलबारीकी रेनुका भुसाल भण्डारी अहिले कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ। एकचालीस वर्षीया उहाँ चापाकोट-९ स्थित गङ्गालाल माविमा अध्ययन हुनुहुन्छ ।

उहाँले भन्नुभयो,"१४ वर्षमा विवाह भएपछि अध्ययन गर्न पाइन । भित्रभित्रै पढ्ने एकदम इच्छा थियो, पढ्ने उमेरमा विवाह भयो , पढ्ने चाहना भएर पनि पढ्न सक्ने अवस्था भएन, अहिले छोरी ठूला भए अनि सानैदेखिको पढ्ने चाहना पूरा गर्न विद्यालय जान थालेँ ।"

गत वर्ष कक्षा ८ मा भर्ना हुनुभएकी भण्डारीले सो तहमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुनुभएको थियो । उहाँ विद्यालयका अन्य विद्यार्थीजस्तै विद्यालय पोशाकमा झोलामा कापी-किताब बोकेर नियमित जाने गर्नुहुन्छ । "मानिसका लागि शिक्षाको महत्व धेरै रहेछ, जति बुझ्यो उति यसको महत्व र आवश्यकता देखेँ", उहाँले भन्नुभयो, "शिक्षा आर्जन गर्न उमेरले छेक्दैन भन्ने लाग्यो अनि गत वर्षदेखि विद्यालय भर्ना भएर जान थालेकी हुँ ।"

अन्य विद्यार्थीले जस्तै कक्षाकार्य तथा गृहकार्य गरेर विद्यालय जाने गरेको उहाँ बताउनुहुन्छ । पढ्न रुचि लागेर आएकाले यसलाई निरन्तरता दिँदै कक्षा १२ सम्म अध्ययन गर्ने सोच उहाँको छ ।

"आफ्ना छोरीको उमेरका बालबालिकासँग एउटै कक्षामा बसेर अध्ययन गर्दा कतै रमाइलो त कतै अप्ठ्यारो महसुस हुने गरेको छ", उहाँले भन्नुभयो, "धेरै विद्यार्थीले त राम्रो दृष्टिले हेर्छन्, केहीले हजुरआमा, 'आन्टी' भनेर जिस्क्याउने गर्छन्, उनीहरूलाई सम्झाउँदै अगाडि बढेकी छु ।"

भण्डारीका अन्य विद्यार्थीजस्तै विद्यालय पोशाकमा उपस्थित भएर मेहनतका साथ अध्ययन गर्दै आउनुभएको विद्यालयका प्रधानाध्यापक खेमराज भट्टराईले बताउनुभयो ।

अन्यत्र विद्यालयमा कक्षा ५ पढ्दापढ्दै छाड्नुभएकी रेनुका यहाँ कक्षा ८ मा भर्ना हुनुभएको उहाँले बताउनुभयो ।

"कक्षा ८ को अन्तिम परीक्षामा उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण हुनुभयो", प्रअ भट्टराईले, "यही मेहनतलाई कक्षा ९ र १० मा पनि निरन्तरता दिन सक्नुभएको खण्डमा माध्यामिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण हुनुहुन्छ ।" सैद्धान्तिक शिक्षा लिनका लागि उहाँ यस विद्यालयमा आउनुले पनि सिकाइ अनिवार्य र जहिले पनि सिक्न सकिन्छ भन्ने सन्देश दिएको प्रअ भट्टराई बताउनुहुन्छ।

रेनुका तीन छोरीमध्ये जेठीले स्नातक तह, माइलीले कक्षा १२ पूरा गर्नुभएको छ भने कान्छी गङ्गालाल माविमा कक्षा ७ मा अध्ययनरत हुनुहुन्छ।

# पोखरा १७ मा विद्यार्थीसँग रोपाई महोत्सव हुने

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा, ११ असार

पोखरा १७ महतगौडाको बिरुवा फाँटमा असार १५ को अवसरमा 'विद्यार्थीसँग रोपाई महोत्सव' कार्यक्रम हुने भएको छ।

सिद्धेश्वर बहुउदेश्यीय कृषि सहकारीको आयोजनामा हुने कार्यक्रममा पोखरा १७ का ६ विद्यालयका विद्यार्थीहरू सहभागी हुनेछन् । रोपाई महोत्सवको माध्यमबाट विद्यार्थीहरुलाई हलो, रोपाई, असारे गीतः तथा धान दिवसको बारेमा जानकारी दिइने आयोजक सहकारीका अध्यक्ष शंकरराज भण्डारीले बताए । साथै कार्यक्रममा रोपाईसँगै चित्रकला पर्दशनी, असारे गीत प्रस्तुतिका साथै सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने अध्यक्ष भण्डारीले बताए । पोखरा १७ महत्तगौडाको करीब ३ रोपनी क्षेत्रफलमा कार्यक्रम आयोजना हुने सहकारीका सचिव पवन भण्डारी ले बताए। रोपाई महोत्सवमा माछा पक्रने, डोरी तान्ने लगायतका प्रतियोगीताहरु समेत समावेश गरिएको आयोजकले जानकारी दिएका छन् । धान दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममाण फोटोग्राम रोहित गिरीले खिचेका तस्वीरहरूको पर्दशनी समेत गरिने आयोजकले जानकारी दिए। (विद्यार्थी पत्रकार)


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३० शिशुवा, पार्वती टोल स्थित खयरखोर अन्नपूर्ण मार्ग स्तरन्नोति कार्य अन्तर्गत बाटोको दुबै तर्फ वाल लगाउने कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चवारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम - खयरखोर अन्नपूर्ण मार्ग स्तरोन्नति
योजना सम्झौता मितिः २०८०/१२/०२
योजना सुरु मितिः २०८०/१२/०२
योजना सम्पन्न हुने मिति : २०८१/०३/०९
ईष्टमेट अनुसार योजनाको कुल लागतः रु ११,१२,९१२.४०
महानगरपालिकाबाट प्राप्त हुने रकमः रु १०,००,०००/-
उपभोक्ता (जनसहभागिता) बाट : रु १,१२,९१२.४०
कुल लागत : रु ११,१२,९१२.४०
खुद लागेको खर्च रकम : रु ६,४५,९८५.५५
उपभोक्ता समितिको पदाधिकारी
अध्यक्षः बालकृष्ण सुवेदी (मो.नं - ९८४६१६३५०७)
सचिव : प्रेम बहादुर गुरुङ्ग (काजा) (मो. नं ९८१४०८६०७६)
कोषाध्यक्षः सोविता बराल
अनुगमन समिति संयोजक : बिनोद प्रसाद लामिछाने (वडा सदस्य)
सदस्यः भूवनेश्वर त्रिपाठी, लोकमाया विष्ट

**खयरखोर अन्नपूर्ण मार्ग स्तरोन्नति उपभोक्ता समिति पोखरा-३०**



## शिक्षक आवश्यकता

**(तेस्रो पटक प्रकाशित मिति २०८१/०३/१३)**

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्की**का लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१ असार १२ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही असार १७ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक | प्रा.वि. तह | विज्ञान | १ | कक्षा १२ उत्तीर्ण वा सो सरह। |

तलब सुबिधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १०००।-
परीक्षा किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८१ साल असार १८ गते।
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(**नोट : यो आवासीय विद्यालय भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।**)

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८६९१४७५११**